आज मिति २०७७।१०।२६ गते सोमवारका दिन यस दार्मा गाउँपालिका अध्यक्ष श्री निमबहादुर के.सी.ज्यूको अध्यक्षतामा दार्मा पालिका, गाउँकार्यपालिकाको बैठक यस दार्मा गाउँपालिकाको कार्यालयमा वसि तपसिलका प्रस्तावहरूमा छलफल गरि देहायबमोजिमका निर्णयहरु पारित गरियो ।

<u>उपस्थिति:</u>

| | |
|---|---|
| १. श्री निमबहादुर के.सी. | अध्यक्ष |
| २. श्री टीका शर्मा वली | उपाध्यक्ष |
| ३. श्री अमृत खड्का | निमित्त प्रमुख प्रशासकीय अधिकृत |
| ४. श्री कविकुमार चन्द | सदस्य |
| ५. श्री डिल्लीबहादुर के.सी. | सदस्य |
| ६. श्री सेतिराम रोकाहा | सदस्य |
| ७. श्री चन्द्रबहादुर रावत | सदस्य |
| ८. श्री रामबहादुर के सी | सदस्य |
| ९. श्री दुर्गाबहादुर मल्ल | सदस्य |
| १०. श्री सन्ताराम कामी | सदस्य |
| ११. श्री अमृता कामी | सदस्य |
| १२. श्री मञ्जु शाही | सदस्य |
| १३. श्री जुना मल्ल चन्द | सदस्य |
| १४. श्री देवी खत्री | सदस्य |
| १५. श्री धनीराम नेपाली | सदस्य |
| १६. मधुसुदन के.सी. | इन्जिनियर |
| १६. शेरप्रसाद ढकाल | शिक्षा अधिकृत |

प्रस्तावहरु

१) स्थानीय तहको केन्द्रसम्म जोडने सडक छनोट / पहिचान सम्बन्धमा ।
२) सडक स्तरवृद्धिको लागि बजेट माग गर्ने सम्बन्धमा ।
३ ) सडक मर्मत सम्भारको लागि सडक छनोट सम्बन्धमा ।
४) योजना संसोधन सम्बन्धमा ।
५) सडक मर्मत सम्भारको लागि रकम माग गर्ने सम्बन्धमा ।

निर्णयहरु

**निर्णय नं. १ - प्रस्ताव नं. १** " स्थानीय तहको केन्द्रसम्म जोडने सडक छनोट / पहिचान सम्बन्धमा" मा छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय पूर्वाधार विभाग, प्रादेशिक एवं स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम, कार्यक्रम समन्वय इकाइ, ललितपुरको सडक पहिचान गरी पठाउने सम्बन्धी मिति २०७७।१०।२१ को प्रकाशित सूचना अनुसार यस दार्मा गाउँपालिकामा हालसम्म पक्की सडक मार्फत राष्ट्रिय सडक संजाल र प्रदेश राजधानीसंग नजोडिएको हुँदा राष्ट्रिय सडक रासि राजमार्गको बाङ्गेलुखरी देखि पालिका मुकामसम्म सबै भन्दा छोटो र प्रादेशिक एवं स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम संचालन कार्यविधि २०७७ को दफा ३ बमोजिम सबैभन्दा बढी प्रभावग्राही रहेको बाङ्गेलाखुरी - सेताडाँडा- बाघखोर - फारुलाचौर सडकको स्तरबृद्धी गर्नको लागि संलग्न फाराम भरी स्थानीय पुर्वाधार विकास आयोजना कार्यालय वीरेन्द्रनगर,सुर्खेतमा मार्फत स्थानीय पुर्वाधार विभागमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. २ - प्रस्ताव नं. २** "सडक स्तरबृद्धिको लागि सडक छनोट सम्बन्धमा" दार्मा गाउँपालिकामा बाह्रै महिना यातायात संचालन हुन नसक्दा बर्षायाममा यस क्षेत्रका नागरिकहरुलाई असुविधा भएको हुँदा तपसिल बमोजिम एक करोडसम्म लागत भएका सडक योजना उपभोक्ता समितिबाट र सो भन्दा बढी लागतको योजना (डिपीआर बमोजिम ) को योजना प्रचलित खरिद प्रक्रिया अनुसार कार्यान्वयन गर्ने गरी भौतिक पुर्वाधार विकास मन्त्रालय सिहंदरबार काठमाण्डौमा बजेट माग गर्ने निर्णय गरियो ।

तपसिल

१. बाघखोर- फारुला सडक खण्डको स्तरवृद्धी ( डवल कटिङ्ग ,ग्राभेल र जाली राख्ने ) योजना रु१ करोड
२. मौलोहाले - फारुला सडक स्तरबृद्धी डिपीआर बमोजिम

**निर्णय नं ३ : प्रस्ताव नं ३** "सडक मर्मत सम्भार सम्बन्धमा" छलफल गर्दा सडक बोर्ड नियमावली २०६० को नियम ९ बमोजिम सडक बोर्ड नेपालसगं २० प्रतिशत साझेदारी गर्ने गरि तपसिल बमोजिमको सडक खण्डमा उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने गरि सडक मर्मत सम्भार गर्ने निर्णय गरियो । साथै सडक मर्मत सम्भार योजना स्वीकृत गर्नको लागि गाउँसभामा प्रस्ताव लिने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| १. दावलीगारे- रामीडाँडा बाघखोर सडक खण्ड (समपुरक कोष सहित) | रु ८७५०००। |
| २. बाघखोर - मलिवाङ्ग - फारुलाचौर सडक खण्ड (समपुरक कोष सहित) | रु ११२५०००। |

**निर्णय नं. ४- प्र.नं. ४** "योजना संसोधन सम्वन्धमा" मा छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचिकृत भएका श्रमिकवाट सतिपोले ढारपिपल शिहदगेट बुढाकाफल मैनेरीको सडक मर्मत गर्ने निर्णय भएकोमा योजना संसोधन गरि पातीहाल्ने घोरधार्ने देखि कामी सडक मर्मत योजनामा प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचिकृत भएका श्रमिक काममा लगाउने निर्णय गरियो ।

**निर्णय नं. ५- प्र.नं. ५** "RMG द्वारा सडक मर्मत सम्भारको लागि रकम माग गर्ने सम्बन्धमा" छलफल गर्दा फारुला - सिलिगीं सडकमा RMG द्वारा सडक मर्मत कार्य गर्न Rural access progrom (RAP ) बाट बजेट माग गर्न पत्राचार गर्ने निर्णय गरियो ।